छैटौं वार्षिक प्रतिवेदन : २०६२/०६३

डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड (वित्तीय संस्था)

Development Credit Bank Limited (Bittya Sanstha)

# SIXTH ANNUAL REPORT 2005 - 06

## छैटौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट
## अध्यक्षद्धारा प्रस्तुत प्रतिवेदन

शेयरधनी महानुभावहरु,

यस डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेडको छैटौं वार्षिक सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभानहरुलाई स्वागत गर्न पाउदा हामीलाई अत्यन्त खुसी लागेको छ ।

बैंकको यस साधारण सभामा लेखापरीक्षकको प्रतिवेदनसाथ यहाहरुसमक्ष २०६३ साल आषाढ मसान्तको वासलात तथा २०६२ साल श्रावण १ गतेदेखि २०६३ आषाढ मसाान्तसम्मको नाफा–नोक्सान हिसाब तथा नगद–प्रवाह विवरण तथा समितिको वार्षिक प्रतिवेदन निम्नानुसार तयार पारी आवश्यक अनुमोदनको लवागि पेस गरेका छौं ।

क) विगत वर्षको कारोवारको सिंहावलोकन :

राष्ट्रमा व्याप्त असहज परिस्थितिमा चालु वर्षमा मात्र केही सुधार हुने लक्षण देखा परेको छ । गतवर्षको परिस्थितिमा बैंकको व्यावसायिक कारोवारमा उल्लेखनीय उपलब्धि हुन सकेन । जनआन्दोलन–द्रोस्रोको दौरानमा बैंक संचालनमा पर्याप्त असर पर्न गएको स्थिति सबैमा वेध भएकै छ ।

यस वर्ष बैंकद्धारा आफ्ना महानुभावहरुबाट २ : १ को दरले हकप्रद शेयर आह्वान गरिएकोमा सबैबाट अपेक्षित सहभागिता रह्यो जसबाट बैंकको चुक्ता पुजी रु १६ करोडबाट बढेर रु २४ करोड पुग्न गएको छ । त्यस्तै निक्षेपतर्फ ४२,२१ प्रतिशतले वृद्धि भई रु २ अरब १० करोड पुगेको छ भने कर्जा तथा सापट तर्फ ३६,३० प्रतिशतले वृद्धि भई रु १ अरब ९० करोड पुगेको छ । नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्रकाशित भएको आर्थिक सर्वेक्षणअनुसार समग्र विकास बैंकको गत आर्थिक वर्षमा निक्षेपको वृद्धि २५,२ प्रतिशत थियो भने कर्जा तथा सापट तर्फ १,० प्रतिशतले मात्र वृद्धि भएको थियो । यो आकडा समग्र वाणिज्य बैंक तर्फ क्रमश : ७,६ प्रतिशत र ८,१ प्रतिशत थियो । उक्त तथ्याङ्को मापदण्डमा यस बैंकको उल्लेखित कारोवारलाई सन्तोषप्रद मान्न सकिन्छ ।

गत वर्षको प्रतिवेदनमा हामीले कारेवार सुरु गर्दादेखि नै मुलुक आन्तरिक द्धन्द्धको चपेटामा परेर अर्थतन्त्र ओरालो लागिरहेको परिस्थितिमा पनि हामीले आफूलाई लगानीको क्षेत्रमा संयमित राख्दै अघि बढ्ने र बैंकलाई चुस्त, पारदर्शी एवं व्यावसायिक ढङ्गले अगाडि बढाउने नीतिलाई कायम राख्ने प्रतिबद्धता व्यक्त गरका थियौं । यसै सिलसिलामा समीक्षा वर्षमा बैंकले सम्भावित नोक्सानीवापत व्यवस्था कायम गर्नु अघिको सञ्चालन मुनाफामा करिब १४ प्रतिशतले वृद्धि भएको थियो । बैंकको भविष्य सुरक्षित बनाउन तथा आयकर व्यवस्थापनलाई ध्यानमा राखी सम्भावित नोक्सानीवापत थप व्ह्वस्था गर्दा कर पछिको खुद मुनाफा भने करीब ८ प्रतिशतले घट्न गएको छ । यति हुदा–हुदै पनि हामीले शेयरधनीहरुले अटुटरुपमा प्राप्त गरिरहनु भएको प्रतिफललाई निरन्तरता दिदै बोनस शेयरको प्रावधान अघि सार्न समर्थ भएका छौं ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश २०६२ अन्तर्गत गत पाचौं वार्षिक साधारण सभाबाट निर्दिष्ट भए बमोजिम यस बैंकलाई नेपाल राष्ट्र बैंकमा "ख" वर्गको इजाजत प्राप्त संस्थामा दर्ता गर्ने प्रक्रिया सम्पन्न भएको छ तथा सोही सभाबाट बैंकको पूजी संरचना, शेयर स्वामित्व तथा सञ्चालक समिति सम्बन्धी पारित निर्देशन अनुरुप बैंकको प्रबन्धपत्र तथा नियमावलीमा श्री कम्पनी रजिष्ट्रार कार्यालय तथा नेपाल राष्ट्र बैंक समेतबाट स्वीकृति प्राप्त भएको व्यहोरा जानकारी गराएका छौं ।

नेपालको बैंकिङ्ग इतिहासमा नै सर्वप्रथम यस बैंकले ISO 9001 : 2000 प्रमाणपत्र प्राप्त गरेको कुरा शेयरधनी महानुभावमा गत वर्ष नै जानकारी गराएका थियौं । यस वर्ष Boss Magazine बाट पुन : दोस्रो पटक सन् २००४–२००५ को Best Financial Istitution Award पनि प्राप्त गर्न सफल भएका छौं । त्यसको अलावा हामीले द इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट अफ नेपालले प्रदान गर्ने Best Presented Accounts Award, 2005 मा पहिलो पटक भाग लिएर Runner-up उपाधि प्राप्त गरेका छौं । यस बाहेक बैंक सामाजिक उत्तरदायित्वतर्फ पनि सचेत छ । बैंकले समाजका विभिन्न असहायहरुको क्षेत्रमा आफ्नो गच्छे अनुसार सहयोग गरेको छ ।

ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिबाट बैंकको कारोवारलाई परेको असर :

आन्तरिक द्धन्द्धले गर्दा आर्थिक गतिविधिमा लगातार गतिरोध उत्पन्न भइरहेको स्थिति विद्यमान छ । यस्तो प्रतिकुल अवस्थामा पनि बैंकिङ्ग व्यवसाय भन्भन् प्रतिस्पर्धी बन्दै गइरहेको छ तथा नया नया बैंक तथा वित्तीय संस्थाहरु खुल्ने क्रम जारी छ । हामी निरन्तर स्वस्थ प्रतिस्पर्धाको पक्षमा छौं र अर्थतन्त्रको आकार र अवस्थाअनुसार यी प्रतिस्पर्धीहरुको संख्यावृद्धितर्फ नीति निर्माताहरुको सशक्त ध्यान बढी आकर्षित हुनुपर्ने स्थिति यथावत् छ ।

राष्ट्रको बैकिङ्ग क्षेत्रको कानुनी उपचार सम्बन्धमा गत वर्ष यहाहरुसमक्ष जानकारी गराएका विषयहरुमा हाल बैक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश तथा कम्पनी अध्यादेश व्यवस्थापिकाबाट कानुन/ऐनको रुपमा परिमार्जित भै पारित भैसकेको स्थिति छ । उपरोक्त कानुनहरु प्रकाशनमा आइसकेपछि आवश्यक पर्ने कार्यहरु गरिनेनै छन् । नेपाल राष्ट्र बैकको संरक्षण तथा सुपरिवेक्षण भुमिकाले महत्वपूर्ण स्थान ओगटेको वर्तमान स्थितिमा लोकतान्त्रीकरणको प्रभावले बैकिङ्ग क्षेत्रमा अनुकुल आयामहरुको सृजना हुनेमा हामी विश्वस्त छौ ।

गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएझै कानुनी सुधारहरुबाट यस बैक पनि लाभांन्वित भै कार्य क्षेत्रमा विस्तार हुदै गएको छ । चल्ती खाता उपयोग, परिवर्त्य विदेशी मुद्रासम्बन्धी कारोवार तथा प्रतीतपत्र बाहेक वाणिज्य बैकले साधारणरुपमा गर्ने यावत् कार्यहरु हालको कानुनी परिवेशमा यस बैकबाट पनि हुन सक्ने भएको छ । विकास बैकको परिकल्पनाबाछ स्थापित यस बैकले अब पूर्णरुपमा वाणिज्य बैकका कार्यहरुमा संलग्न हुदै जानै प्रक्रिया अगाल्न मनासिब भएको हाम्रो धारणा पनि जानकारी गराउन चाहन्छौ । हालसम्म ऋण लगानीकर्ताको भुमिकाबाट यस बैकको आयस्रोत बढी प्रभावित भएकोमा बैकिङ्ग सेवाहरुलाई वढी ग्राहयता दिने तर्फ उन्मुख हुनुपर्ने देखिएको छ ।

बेदेशिक रोजगारमा गत वर्षहरुमा भएको वृद्धिले Remittance कारोवारले राम्रो गति लिएको बाहेक राष्ट्रका अन्य निर्यात क्षेत्रमा कुनै विकासको लक्षण देखिएन । राष्ट्रको आयातमा भएको वृद्धिको कारण राष्ट्रिय अर्थनीतिमा सशक्त कार्यनीतिको तर्जुमा गर्नमा ढिलाई गर्न नहुने स्थिति खडा भएको छ ।

ग) चालु वर्षको उपलब्धि तथा भावी कार्यक्रम :

२०६३ कार्तिक १४ गते अर्थात October 31, 2006 सम्मको बैकको केही आर्थिक झलक निम्नबमोजिम प्रस्तुत गर्न चाहन्छौ ।

(अपरिष्कृत रकम रु १,००० मा)

| | | २०६३ कार्तिक १४ |
|---|---|---|
| १ | निक्षेप तथा सापटी | २,६६३,६०६ |
| २ | कर्जा तथा सापट | २,४५३,००१ |
| ३ | खुद व्याज आम्दानी | ४०,९०० |
| ४ | अन्य आम्दानी | ४,२८२ |
| ५ | सञ्चालन खर्च | १०,५४७ |
| ६ | सञ्चालन मुनाफा | ३४,६३५ |

गत वर्षको साधारण सभामा विभिन्न वक्ता शेयरधनी महानुभावहरुद्धारा निम्न सुझावहरु व्यक्त भएको स्मरण गराउन चाहन्छौ ।

१. Prepaid कार्ड जारी गर्ने

२. जग्गा खरिद गर्ने (बैक भवन निर्माणर्थ)

३. शाखाहरु खोल्दै जाने

४. नया नया डिपोजिटस्किम ल्याउने

५. न्यूनतम Balance घटाउने

६. बोनस शेयर उपलब्ध गराउने

७. सञ्चालकहरुको संख्या घटाउने

८. सामाजिक उत्तरदायित्वप्रति सचेत रहने

उपरोक्त सुझावहरुमध्ये हामीले प्रिपेड कार्ड जारी गरिसकेका छौ । आफ्नै भवन निर्माणको लागि काठमाडौके कमलादिमा करिब २ रोपनी जग्गा खरिद गरी भवन निर्माणको प्रक्रिया सुरु गरि सकेका छौ । शाखाहरु खोल्दै जाने सम्बन्धमा हामीलाई नेपाल राष्ट्र बैकले काठमाडौबाहिर एउटा शाखा खोलेपछि मात्र काठमाडौ उपत्यका भित्र एउटा शाखा खोल्ने गरी स्वीकृति दिएको हुदा पोखरामा र काठमाडौको नया सडकमा शाखा कार्यालयहरु खोल्नका लागि आवश्यक गृहकार्य सुरु गरिसकेका छौ । न्यूनतम रु ५०० मा खाता खोल्न सकिने "मेरै बचत" नामको नया डिपोजिट स्किम सुरु गरेका छौ । यस वर्ष शेयरधनीहरुकै आकांक्षा अनुरुप बोनस शेयर जारी गरेका छौ । सञ्चालकहरुको संख्या घटाइएको बारेमा यसै प्रतिवेदनमो दफा "ङ" मा उल्लेख गरेका छौ र सामाजिक दायित्वप्रति सदैव उत्तरदायी रहेका छौ ।

आगामि दिनहरुका लागि हाम्रो एक मात्र निर्विकल्प लक्ष्य भनेको स्वस्थ, प्रतिस्पर्धी, व्यावसायिक तथा पारदर्शी कारोवारको वृद्धि गर्दै "क" वर्गको वित्तीय संस्थामा आफूलाई रुपान्तरित गराउनु हो । यसका लागि हामीहरु नया नया व्यवसायका क्षेत्रहरु पहिल्यादै पूजीविस्तार साथ मुनाफा वृद्धि गर्दै लैजाने अठोट लिएर अगाडि बढ्ने छौ ।

घ) औद्यौगिक वा व्यासायिक सम्बन्ध :

हाम्रो बैक देशका विभिन्न व्यवसायि, उद्योगपति, व्यावसायिक बैकर्स तथा आ–आफ्नो क्षेत्रमा ख्याति प्राप्त महानुभावहरुद्धारा प्रवर्धन गरिएको हो तथा यस बैकको व्यवस्थापन पनि व्यावसायिक बैकर्सहरुद्धारा सञ्चालित छ । सञ्चालक समितिले नीति तथा नियमहरु बनाउदा व्यावसायिक पक्ष र दूरगामि असरलाई मध्यनजर राखेर बनाउने र त्यसलाई चुस्त, पारदर्शी एवं व्यावसायिक ढङ्गबाट लागु गर्ने व्यवस्थापनको प्रयास रहेको छ । सोही कार्य शैलीअनुरुप यस बैकले, आफ्नो कारोवारसग सम्वन्धित सम्पूर्ण ग्राहकहसग हार्दिक एवं व्यावसायिक सुमधुर सम्बन्ध स्थापित गरेको छ ।

ङ) सञ्चालक समितिमा भएको हेरफेर :

बैक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेशअनुरुप यस बैक "ख" वर्गमा दर्ता भैसकेपछि पाचौ साधारण सभाको निर्णय वमोजिम सञ्चालकहरुको संख्यामा निम्नानुसार परिवर्तन भएको छ ।

| | |
|---|---|
| ५१ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनीहरुमधयेबाट (समुह "क") | – ५ जना |
| १९ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनीहरुमधयेबाट (समुह "ख") | – १ जना |
| ३० प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनीहरुमधयेबाट (समुह "ग") | – २ जना |
| नेपाल राष्ट्र बैकले प्रकाशित गर्ने व्यावसायिक विशेषज्ञ सुचीबाट | – १ जना |
| | जम्मा ९ जना |

समितिको संख्या (गठन) मा उल्लेखित परिवर्तन भै उपरोक्त बमोजिम विद्यमान सञ्चालकहरुमध्ये समुह क बा श्री सुधिरबाबु खत्रीले, समुह ख बाट श्री पवनकुमार अग्रवालले र समुह ग बाट श्री राजमोहन कर्माचार्यले स्वेच्छाले संचालकको पद त्याग गर्नु भएको छ । त्यस्तै व्यावसायिक विशेषज्ञबाट श्री केशवप्रसाद अधिकारी सञ्चालक पदमा चयन हुनु भएको छ । हामी आफ्नो कार्यकालमा श्री खत्री, श्री अग्रवाल तथा श्री कर्माचार्यले पुर्‍याउनु भएको विशिष्ट योगदानको लागि हार्दिक धन्यवाद दिन चाहन्छौ । त्यस्तै नवनियुक्त संचालक श्री अधिकारी व्यावसायिक अनुभवबाट बैकले अमूल्य योगदान पाउने आशा गर्दै वहालाई संचालक समितीको सदस्यको रुपमा हार्दिक स्वागत गर्दछौ ।

च) कारोवारलाई असर पर्ने मुख्य कुराहरु :

यस वर्ष बैक नेपाल राष्ट्र बैकबाट "ख" वर्गको इजाजत प्राप्त संस्थामा दर्ता भएकोले कानुनमा व्यवस्था भएवमोजिम विदेशी मुद्राको कारोवार गर्ने तथा चल्ती खाता संचालन जस्ता केही थप कार्यहरु शुरु गरिएकोले केही चुनौती र थुप्रै अवसरहरु प्राप्त भएका छन् । आगामी दिनहरुमा राष्ट्रमा द्धन्द्धरहित वातावरण कायम हुनेमा हामी विश्वस्त छौ ।

छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत भए सोको प्रतिक्रिया :

प्रस्तुत लेखापरीक्षण प्रतिवेदनमा त्यस्तो कुनै उल्लेखनिय कैफियत रहेको छैन । लेखापरीक्षकले हाम्रो कारोवारबाट सन्तुष्ट रहेको प्रतिवेदन दिनुभएको छ ।

ज) लाभांश बाडफाड गर्न सिफारिस गरिएको रकम :

यस आर्थिक वर्षमा खुद नाफा रु ३ करोड २८ लाख ४० हजार र गत आर्थिक वर्षसम्मको सञ्चित मुनाफा रु १ करोड ४२ लाख ६१ हजार गरी जम्मा रु ४ करोड ७१ लाख ०१ हजार बाडफाडको लागि उपलब्ध थियो । जसमध्ये समितिले चुक्ता पुजीको १२ प्रतिशत बोनस शेयर तथा ०.६३ प्रतिशत नगद लाभांश वितरण गर्ने सहर्ष प्रस्ताब राखेका छौ । उक्त नगद लाभांश १२ प्रतिशत बोनश शेयरवापत नेपाल सरकारलाई बुझाउनु पर्ने लाभांश कर भुक्तानी गर्नुपर्ने रकम भएको जानकारी गराउदछौ ।

यसरी मुनाफा बाडफाडमा बोनस शेयर तर्फ रु २ करोड ८८ लाख, नगद लाभांशतर्फ रु १५ लाख १६ हजार, सटहि घटवढ कोषमा रु ५८ हजार र साधारण जगेडा कोषमा रु ६५ लाख ६८ हजार बाडफाड गरी रु १ करोड १ लाख ५९ हजार सञ्ति मुनाफामा राख्ने निर्णय गरेका छौ ।

कम्पनी अध्यादेश २०६२ को दफा १०९ अन्तर्गत सञ्चालक समितिको गस छुट्टै प्रतिवेदनमा उल्लेख हुनु पर्ने विवरणहरुको बाकि बुदागत विवरणहरु यस प्रतिवेदनको अनुसुची (क) मा उल्लेख गरेका छौ ।

अन्त्यमा, हामी शेयरधनी महानुभावहरुलाई बैकको सञ्चालक समिति तथा व्यवस्थापनले शेयरधनी महानुभावहरुकै आकाङक्षा र अभिलाषाअनुरुप काम गर्दै जानेछौ भन्ने प्रतिवद्धता पुनः व्यक्त गर्न चाहन्छौ । बैकको प्रगतिमा बहुमुल्य योगदान पुर्‍याउनुहुने शेयरधनी महानुभावहरु, बैकप्रति अगाध विश्वास देखाउनुहुने ग्राहकहरु, नेपाल सरकार तथा नेपाल राष्ट्र बैकका समबन्धित पदाधिकारीहरु, बैकको मनोबल बढाउन सहयोग गर्ने पत्रकारहरु, बैकका व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरु बैकका सल्लाहकारहरु एवं सम्पूर्ण शुभेच्छुकहरुप्रति सञ्चालक समितिको तफेबाट पुनः हार्दिक आभार व्यक्त गर्दै आउदा दिनहरुमा पनि निरन्तर सहयोगको आशा गर्दछौ ।

धन्यवाद ।

# अनुसुचि "क"

कम्पनी अध्यादेश २०६२ को दफा १०९ अन्तर्गत सञ्चालक समितिको छुट्टै प्रतिवेदनमा उल्लेख हुनु पर्ने विवरणहरुको बाकि बुदागत विवरणहरु :

झ) शेयर जफत भएको भए जफत भएको शेयरसंख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण ।

– कुनै शेयर जफत भएको छैन ।

ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन,

– यस बैकको कुनै सहायक कम्पनी छैन । बैकको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थिति संलग्न वासलात, नाफा–नोक्सान हिसाव र नगद प्रवाह विवरणले प्रष्ट पार्दछ ।

ट) कम्पनी तथा त्यस्को सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन,

– यस बैकको सहायक कम्पनी छैन । बैकले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र कारोवारमा आएको परिवर्तन संलग्न वासलात, नाफा–नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा लेखासम्बन्धी टिप्पणीले प्रष्ट पार्दछ ।

ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी,

– छैन ।

ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी ।

– शेयरको स्वामित्वको विवरण निम्न बमोजिम छ र शेयर कारोवारमा सञ्चालकहरु तथा व्यवस्थापनमा संलग्न पदाधिकारीहरु संलग्न रहेका छैनन् ।

| सि.नं. | नाम | शेयर संख्या |
|---|---|---|
| १ | श्री कृष्णलाल महर्जन – अध्यक्ष | ४५,००० कित्ता |
| २ | श्री देवराज राजभण्डारी – सञ्चालक | ९०,००० कित्ता |
| ३ | श्री पान वर्ल्ड ईन्टरनेशनल प्रा.लि. – सञ्चालक | २२८,००० कित्ता |
| ४ | श्री कृष्णहरि भण्डारी – सञ्चालक | १०,०९५ कित्ता |
| ५ | श्री मधुवनलाल मास्के – सञ्चालक | ४३५ कित्ता |
| ६ | श्री प्रज्वल श्रेष्ठ – सञ्चालक | ३०,००० कित्ता |
| ७ | श्री पुर्णमान शाक्य – सञ्चालक | ७५,००० कित्ता |
| ८ | श्री रोमीलाल श्रेष्ठ – सञ्चालक | ५२,५०० कित्ता |
| ९ | श्री केशवप्रसाद अधिकारी – सञ्चालक | – |
| १० | श्री सुधिरबाबु खत्री – प्रमुख कार्यकारी अधिकृत | ६१,०५० कित्ता |
| ११ | अन्य पदाधिकारीहरु | ३८,५१० कित्ता |

ढ) विगत आर्थिक वर्षमा कम्पनीसग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा,

– छैन ।

ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरीद गरे वापत कम्पनीले भुक्तानी गरेको रकम,

– छैन ।

त) आन्तरिक नियन्त्रण प्रणली भए वा नभएको र भएको भए साको विस्तृत विवरण,

– बैकिङ्ग व्यवसायमा निहित कर्जा, बजार तथा सञ्चालन लगायतमा जोखिमहरुलाई मध्यनजर गर्दै बैकले आन्तरिक नियन्त्रण प्रणालीलाई दह्रो बनाउने नीति लिएको छ । सोही सिलसिलामा बैकिङ्ग कारोवारका सवैजसो क्षेत्रमा आवश्यक नीति, नियमहरु बनाई कार्यान्वयनमा ल्याएको छ ।

थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण

– संलग्न वासलातको अनुसुची २३ र २४ मा उल्लेख छ ।

द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको कामकारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण,

– लेखापरीक्षण समिति निम्न बमोजिम छ :–

| | |
|---|---|
| अध्यक्ष | – सञ्चालक श्री प्रज्वल श्रेष्ठ |
| सदस्य | – सञ्चालक श्री पूर्णमान शाक्य |
| सदस्य | – सञ्चालक श्री कृष्ण हरि भण्डारी |
| सदस्य सचिव | – श्री कमल सुवेदि, लेखा प्रमुख |

उक्त समितिको बैठकमा आवश्यकताअनुसार विभिन्न पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने व्यवस्था छ । प्रत्येक बैठकका सहभागिहरुलाई भत्ता वापत सञ्चालकहरु सरह बैठकभत्ता प्रदान गरिन्छ । यस वर्ष लेखापरीक्षण समितिको बैठक भत्ता वापत रु ४८,०००।- खर्च भएको छ । लेखापरीक्षण समितिले लेखापरीक्षकहरुले दिएको प्रतिवेदनउपर छलफल गरी सञ्चालक समितिलाई प्रतिवेदन पेस गर्दछ । लेखापरीक्षण प्रतिवेदनहरुमा त्यस्तो कुनै उल्लेखनिय कैफियत नभएकोले लेखापरीक्षण समितिको कुनै उल्लेखनीय सुझाव छैन ।

ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संल्गन रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउनु बाकि भए सो कुरा,

– छैन ।

न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,

१) सञ्चालकहरुलाई निम्नानुसार पारिश्रमिक, भत्ता तथा सुविधाहरु उपलब्ध गराईएको छ :

| | | |
|---|---|---|
| अध्यक्ष | – प्रतिबैठक भत्ता | : रु ४,०००।- |
| | टेलिफोन⁄विद्युत वापत मासिक | : रु ७,०००।- |
| | परिवहन सुविधा | |
| सदस्यहरु | – प्रतिबैठक भत्ता | : रु ३,०००।- |
| कम्पनी सचिव | – प्रतिबैठक भत्ता | : रु ३,०००।- |
| | वार्षिक तलव भत्ता | : रु २,६०,०००।- |

उपरोक्त तलब, भत्ता तथा सुविधाहरुमा प्रचलित कानुनअनुसार कर कट्टी गरेर मात्र भुक्तानी गर्ने व्यवस्था छ ।

२) कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तनी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम (वार्षिक रु हजारमा)

| | प्रमुख कार्यकारी अधिकृत | अन्य पदाधिकारीहरु |
|---|---|---|
| १. तलब | रु २,८४२ | रु ४,६६९ |
| २. भत्ता | रु ९८५ | रु १,५५३ |
| ३. करार सुविधा | रु ६९ | रु – |
| जम्मा | रु ३,८९६ | रु ६,२२२ |

* अन्य भत्ता तथा सविधाहरु बेकको कर्मचारी सेवा विनियमावली, आर्थि प्रशासन सम्बन्धी विनियमावली तथा सञ्चालक समितिले बेला बेलामा निर्णय गरे वमोजिम ।

* बोनस– बोनस ऐन अनुसार ।

* उपरोक्त तलब, भत्ता तथा सुविधाहरुमा प्रचलित कानुनअनुसार कर कट्टी गरेर मात्र भुक्तानी गर्ने व्यवस्था छ ।

प) शेयरधनीहरुले बुझिलिन बाकि रहेको लाभांशको रकम,

– समितीको निर्णय वमोजिम यस्ता लाभांश रकम सम्बन्धित शेयरधनीको नाममा बचत खाता खोली राख्ने व्यवस्था गरिएको छ । हाल शेयरधनीहरुले बुझीलिन बाकि रहेको लाभांशको रकम रु ४१,०८,२६०।- (अक्षेरपी रु एकचालीस लाख आठ हजार दुई सय साठ्ठी मात्र) रहेको छ ।

फ) यस अध्यादेश तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा,

– छैन ।

ब) अन्य आवश्यक कुराहरु,

– छैन ।

## २०६३ आषाढ ३२ गते (१६ जलाई २००६) को
## वासलात

| पूजी तथा दायित्व | अनुसुचि | आषढ ३२, २०६३ रु | आषढ ३१, २०६२ रु |
|---|---|---|---|
| १. शेयर पूजी | १ | २६,८८,००,००० | १६,००,००,००० |
| २. जगेडा तथा कोषहरु | २ | ३,५२,९०,१९७ | ३,२७,६६,४०३ |
| ३. ऋणपत्र तथा वण्ड | ३ | – | – |
| ४. तिर्न बाकि कर्जा तथा सापटी | ४ | १७,००,००,००० | १२,००,००,००० |
| ५. निक्षेप दायित्व | ५ | २,१०,३३,९५,९९० | १,४७,९०,७३,८९८ |
| ६. भुक्तानी दिनुपर्ने विलहरु | ६ | ६२,४७,५७७ | ४,१४,०२६ |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाकी लाभांश | | ५६,२४,०४९ | २,३५,३०,४२६ |
| ८. आयकार दायित्व | | (१३,६९,१२०) | ३४,३१,५११ |
| ९. अन्य दायित्व | ७ | १,७९,४८,३४८ | २,७८,४१,६१३ |
| कुल दायित्व | | २,६०,५९,३७,०४१ | १,८४,७०,५७,८७७ |

| सम्पती | अनुसुचि | आषढ ३२, २०६३ रु | आषढ ३१, २०६२ रु |
|---|---|---|---|
| १. नगद मौज्दात | ८ | ६६,३२,६८२ | ३४,४९,५४६ |
| २. नेपाल राष्ट्र बैकमा रहेको मौज्दात | ९ | १२,१९,४९,४५७ | २,७१,४२,१०५ |
| ३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात | १० | १८,००,५४२ | ३५,७४,०६१ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ११ | ४०,३३,३९,३७४ | ३७,२५,२०,८८४ |
| ५. लगानी | १२ | ४,८५,५२,७४० | २,८८,२१,००० |
| ६. कर्जा सापट तथा विल खरिद | १३ | १,८४,८५,२३,३८५ | १,३६,४८,३३,०२२ |
| ७. स्थिर सम्पती | १४ | १२,०२,२६,०५५ | १,३६,४८,३३,०२२ |
| ८. गैर बैकिङ्ग सम्पती | १५ | – | – |
| ९. अन्य सम्पती | १६ | ५,४९,१२,८०६ | ३,३४,२०,९५२ |
| कुल सम्पती | | २,६०,५९,३७,०४१ | १,८४,७०,५७,८७७ |

| | |
|---|---|
| १. सम्भावित दायित्व | अनुसुचि १७ |
| २. सञ्चालकहरुको घोषणा | अनुसुचि १२ |
| ३. पुजीकोष तालिका | अनुसुचि ३० |
| ४. जोखिम भारित सम्पति विवरण तालिका | अनुसुचि ३०क |
| ५. प्रमुख सूचकाङ्कहरु | अनुसुचि ३१ |
| ६. प्रमुख लेखा नीतिहरु | अनुसुचि ३२ |
| ७. लेखासम्वन्धी टिप्पणीहरु | अनुसुचि ३३ |

नोट : १ देखि १७ र ३२ तथा ३३ सम्मका अनुसुचिहरु वासलातका अभिन्न अङ्गहरु हुन् ।

## २०६२ श्रावण १ गते (१६ जुलाई २००५) देखि २०६३ आषाढ ३२ गते (१६ जुलाई २००६) सम्मको नाफा/नोक्सान हिसाब

| विवरण | अनुसुची | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| १. व्याज आम्दानी | १८ | २०,५५,३०,३९१ | १७,१७,५५,२११ |
| २. व्याज खर्च | १९ | १०,१२,२१,५४९ | ८,०७,२२,६५७ |
| खुद व्याज आम्दानी | | १०,४३,०८,८४२ | ९,१०,३२,५५४ |
| ३. कमिशन तथा डिस्काउन्ट | २० | २३,८३,६५५ | १८,०९,७६९ |
| ४. अन्य सञ्चालन आम्दानी | २१ | ५३,०७,५८६ | ३८,०८,५५० |
| ५. सटही घटवढ आम्दानी | २२ | २,९७,७९१ | ४१,२८३ |
| कुल सञ्चालन आम्दानी | | ११,२२,९७,८७४ | ९,६६,९२,१५६ |
| ६. कर्मचारी खर्च | २३ | २,३५,१२,१०५ | १,६१,९०,५२९ |
| ७. अन्य सञ्चालन खर्च | २४ | १,५२,४७,०६३ | १,४५,७४,२६९ |
| ८. सटही घटवढ नोक्सान | २२ | – | – |
| सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा | | ७,३५,३८,७०६ | ६,५९,२७,३५८ |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | २५ | २,२०,५७,७७८ | ९४,६०,८२० |
| सञ्चालन मुनाफा | | ५,१४,८०,९२८ | ५,६४,६६,५३८ |
| १०.गैरसञ्चालन आम्दानी/नोक्सान | २६ | ८,७५,१५१ | – |
| ११.सम्भावित नाक्सानी व्यवस्थाबाट फिर्ता | २७ | – | – |
| नियमित कारोवारबाट भएका मुनाफा | | ५,२३,५६,०७९ | ५,६४,६६,५३८ |
| १२.असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | २८ | – | – |
| सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा | | ५,२३,५६,०७९ | ५,६४,६६,५३८ |
| १३.कर्मचारी बोनस व्यवस्था | | ४७,५९,६४४ | ५६,४६,६५४ |
| १४.आयकर व्यवस्था | | | |
| –यस वर्षको | | १,४७,५६,८५२ | १,५१,८२,०१८ |
| –गत वर्षसम्मको | | | |
| खुद नाफा/नोक्सान | | ३,२८,३९,५८३ | ३,५६,३७,८६६ |

नोट : १८ देखि २८ र ३२ तथा ३३ सम्मका अनुसुचिहरु नाफा/नोक्सान हिसाबका अभिन्न अङ्गहरु हुन् ।

## २०६२ श्रावण १ गते (१६ जुलाई २००५) देखि २०६३ आषाढ ३२ गते (१६ जुलाई २००६) सम्मको
## नाफा/नोक्सान बाडफाड हिसाब

| विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|
| आम्दानी | | |
| १. गत वर्षसम्मको सञ्ति मुनाफा | १,४२,६१,५०९ | ५९,६१,७४२ |
| २. यस वर्षको खुद मुनाफा | ३,२८,३९,५८३ | ३,५६,३७,८६६ |
| ३. सटही घटवढ कोष | – | – |
| जम्मा | ४,७१,०१,०९२ | ४,१५,९९,६०८ |
| खर्च | | |
| १. गत वर्षसम्मको सञ्चित नोक्सान | – | – |
| २. यस वर्षको नोक्सान | – | – |
| ३. साधारण जगेडा कोष | ६५,६७,९१७ | ७१,२७,५७३ |
| ४. भैपरिआउने जगेडा | – | – |
| ५. संस्था विकास कोष | – | – |
| ६. लाभांश समिकरण कोष | – | – |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | – | – |
| ८. प्रस्तावित लाभांश | १५,१५,७८९ | २,०२,१०,५२६ |
| ९. प्रस्तावित बोनस शेयर जारी | २,८८,००,००० | – |
| १०.विशेष जगेडा कोष | – | – |
| ११.सटही घटवढ कोष | ५८,२६१ | – |
| १२.पूजी फिर्ता जगेडा कोष | – | – |
| १३.पुजी समायोजन कोष | – | – |
| जम्मा | ३,६९,४१,९६७ | २,७३,३८,०९९ |
| | – | – |
| १५.सञ्चित मुनाफा/(नोक्सान) | १,०१,५९,१२५ | १,४२,६१,५०९ |

सञ्चालकहरु :

द. सुधीर खत्री
प्रेसिडेन्ट तथा कार्यकारी प्रमुख

द. कमल सुवेदी
मेनेजर, एकाउन्टस्

१. द. देवराज राजभण्डारी
३. द. केशवप्रसाद अधिकारी
५. द. डा. मधुवनलाल मास्के
७. द. पूर्णमान शाक्य

२. द. जगदीश अग्रवाल
४. द. कृष्णहरि भण्डारी
६. द. प्रज्वल श्रेष्ठ
८. द. रोमीलाल श्रेष्ठ

द. कृष्णलाल महर्जन
अध्यक्ष

छुट्टै संलग्न प्रतिवेदनको आधारमा,

द. नेमलाल अमात्य
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउन्टन्टस्
मिति : २०६३/६/२४

## २०६२ श्रावण १ गते देखि २०६३ आषाढ ३२ गते सम्मको
## नगद प्रवाह विवरण

| गत वर्ष रु | विवरण | यस वर्ष रु |
|---|---|---|
| ४,१६,४१,२१८ | क) कारोवार सञ्चालनबाट नगद प्रवाह | १८,४६,६८,९४० |
| १६,८७,३२,५०६ | १. नगद प्राप्ति | २१,८१,५०,९४२ |
| १६,३०,२०,२४४ | १.१ व्याज आम्दानी | २१,०३,९४,९५४ |
| १८,०९,७६९ | १.२ कमिशन तथा डिस्काउन्ट आम्दानी | २३,८३,६५५ |
| ९३,९४३ | १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | ६४,७४६ |
| – | १.४ अपलेखत कर्जाको असुली | – |
| ३८,०८,५५० | १.५ अन्य आम्दानी | ५३,०७,५८७ |
| (११,८०,९८,११०) | २. नगद भुक्तानी | (१४,४४,६८,९३६) |
| (७,६१,७७,६४८) | २.१ व्याज खर्च | (८,७४,११,५६७) |
| (१,५१,११,२९९) | २.२ कर्मचारी खर्च | (२,०४,४५,७४५) |
| (९८,९१,५५३) | २.३ कार्यालय सञ्चालन खर्च | (१,०६,४७,३२४) |
| (१,२०,१७,३३८) | २.४ आयकर भुक्तानी | (१,९५,५७,४८२) |
| (४९,००,२७२) | २.५ अन्य खर्च | (६४,०६,८१८) |
| ५,०६,३४,३९६ | कार्यगत पूजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह | ७३६,८२,००६ |
| | | |
| (१८,८६,६६,५६७) | सञ्चालन सम्बन्धी चालु सम्पतीमा कमी/(वृद्धि) | (५५,३१,३९,६९९) |
| – | १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | – |
| १,५५,००,००० | २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | (२,००,००,०००) |
| (२०,११,८६,३१४) | ३. कर्जा तथा विल्स खरीदमा कमी/(वृद्धि) | (५०,५४,७९,८८०) |
| (२९,८०,२५३) | ४. अन्य सम्पतीमा कमी/(वृद्धि) | (२,७६,५९,८१९) |
| १७,९६,७३,३८९ | सञ्चालन सम्वन्धी चालु दायितमा कमी/(वृद्धि) | ६६,४१,२६,६३३ |
| ६,५१,००,५१२ | १. निक्षेप दायितमा कमी/(वृद्धि) | ६२,४३,२२,०९२ |
| – | २. सटिर्फिकेट अफ डिपोजिटमा कमी/(वृद्धि) | – |
| ११,४८,००,००० | ३. अल्पकालीन सापटीमा कमी/(वृद्धि) | ५,००,००,००० |
| (२,२७,१२३) | ४. अन्य दायित्वमा कमी/(वृद्धि) | (१,०१,९५,४५९) |
| (३०,५३,००६) | ख) लगानी कारोबारमा नगद प्रवाह | (१०,८५,९०,७७०) |
| (३,००,०००) | १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | – |
| १०,६५,००० | २. सरकारी ऋणपत्रको लगानीमा कमी/(वृद्धि) | – |
| (४८,८९,२५६) | ३. स्थिर सम्पतीमा कमी/(वृद्धि) | (११,४०,५४,२३६) |
| १०,७१,२५० | ४. दीर्घकालीन लगानीमा व्याज आम्दानी | १०,७१,२५० |
| – | ५. स्थिर सम्पतीको विक्री | ४३,९२,२१६ |
| – | ६. लाभांश आम्दानी | – |



क्रमश.....२

| | | |
|---|---|---|
| (१,९३,७४,८९७) | ग) वित्तीय स्रोत कारोवारबाट नगद प्रवाह | ५,०७,२४,२४४ |
| – | १. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमि) | – |
| – | २. शेयर पूजीमा वृद्धि/(कमि) | ८,००,००,००० |
| (१,५४,०१,१०५) | ३. लाभांश वितरण | (१,९४,२२,१६६) |
| (३९,७३,७९२) | ४. सापटीमा व्याज | (९८,५३,५९०) |
| – | ५. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनर्कर्जामा वृद्धि/(कमि) | – |
| (५२,६६०) | घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी | २,३३,०४५ |
| ३८,७५,२५,९४१ | ङ) नगद तथा बैकमा रहेको सुरु मौज्दात | ४०,६६,८६,५९६ |
| ४०,६६,८६,५९६ | च) नगद तथा बैकमा रहेको अन्तिम मौज्दात | ५३,३७,२२,०५५ |



## इक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण
## आर्थिक वर्ष २०६२/६३

(रु)

| विवरण | शेयर पूजी | संचित नाफा नोक्सान | साधारण जगेडा कोष | पूजीगत जगेडा कोष | शेयर प्रिमियम | सटही घटवढ कोष | अन्य जगेडा कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | १६,००,००,००० | १,४२,६१,५०९ | १,८५,०४,८९४ | – | – | – | – | १९,२७,६६,४०३ |
| समायोजन | | | | | | | | – |
| हकप्रद शेयर जारी | ८,००,००,००० | – | – | – | – | – | – | ८,००,००,००० |
| यस वर्षको खुद नाफा | – | ३,२८,३९,५८३ | – | – | – | – | – | ३,२८,३९,५८३ |
| साधारण जगेडा कोषमा सारेको रकम | – | (६५,६७,९१७) | ६५,६७,९१७ | – | – | – | – | – |
| प्रस्तावित लाभांश | – | (१५,१५,७८९) | – | – | – | – | – | (१५,१५,७८९) |
| प्रस्तावित बोनस शेयर | २,८८,००,००० | (२,८८,००,०००) | – | – | – | – | – | – |
| सटही घटवढ कोषमा सारेको रकम | – | (५८,२६१) | – | – | – | ५८,२६१ | – | – |
| अन्तिम मौज्दात | २६,८८,००,००० | १,०१,५९,१२५ | २,५०,७२,८११ | – | – | ५८,२६१ | – | ३०,४०,९०,१९७ |

## शेयर पूजी तथा स्वामित्व

## २०६३ आषाढ मसान्त

अनुसुचि १

| गत वर्ष रु | विवरण | यस वर्ष रु |
|---|---|---|
| | १.शेयर पूजी | |
| ३२,००,००,००० | १.१ अधिकृत पूजी | ३२,००,००,००० |
| ३२,००,००,००० | क) ३२,००,००० साधारण शेयर प्रतिशेयर रु १०० ले | ३२,००,००,००० |
| १६,००,००,००० | १.२ जारी पूजी | २४,००,००,००० |
| १६,००,००,००० | क) २४,००,००० साधारण शेयर प्रतिशेयर रु १०० ले<br>गत वर्ष १६,००,००० साधारण शेयर प्रतिशेयर रु १०० ले | २४,००,००,००० |
| १६,००,००,००० | १.३ चुक्ता पूजी | २६,००,००,००० |
| १६,००,००,०००<br>– | क) २४,००,००० साधारण शेयर प्रतिशेयर रु १०० ले<br>ख) २,८८,००० प्रस्तावित बोनस शेयर प्रतिशेयर रु १०० ले | १४,००,००,०००<br>२,८८,००,००० |

## शेयर स्वामित्व

| शेयर पूजी रु | प्रतिशत | विवरण | प्रतिशत | शेयर पूजी रु |
|---|---|---|---|---|
| १६,००,००,००० | १०० | १. स्वदेशी स्वामित्व | १०० | २४,००,००,००० |
| – | | १.१ नेपाल सरकार | | – |
| – | – | १.२ "क" वर्गका इजाजतप्राप्त संस्थाहरु | – | – |
| – | – | १.३ अन्य इजाजतप्राप्त संस्थाहरु | – | – |
| ३,०४,००,००० | १९ | १.४ अन्य संस्थाहरु | १९ | ४,५६,००,००० |
| ४,८०,००,००० | ३० | १.५ सर्वसाधारण | ३० | ७,२०,००,००० |
| – | | १.६ अन्य | | – |
| ८,१६,००,००० | ५१ | १.६.१ व्यक्तिगत संस्थापकहरु | ५१ | १२,२४,००,००० |
| – | – | २. वैदेशिक स्वामित्व | – | – |
| १६,००,००,००० | १०० | जम्मा | १०० | २४,००,००,००० |

## २०६३ आषाढ मसान्तसम्ममा ०.५ प्रतिशत भन्दा बढी शेयर भएका शेयरधनीहरुको विवरण

रु ००० मा

| सि.नं. | शेयरधनीहरुको नाम | प्रतिशत | रकम |
|---|---|---|---|
| | संस्थापक शेयरधनीहरु | | |
| ०१ | अनीता वस्न्यात | १.८८ | ४५,०० |
| ०२ | बि.बि गुरुङ्ग | २.५० | ६०,०० |
| ०३ | दिपकराज शर्मा | ०.८३ | २०,०० |
| ०४ | देविप्रसाद बास्तोला | १.२५ | ३०,०० |
| ०५ | देवराज राजभण्डारी | ३.७५ | ९०,०० |
| ०६ | दिनेशकुमार चुके | १.५६ | ३७,५० |
| ०७ | गणेशलाल श्रेष्ठ | ३.१३ | ७५,०० |
| ०८ | किशोरचन्द्र बादे श्रेष्ठ | ३.७८ | ९०,७५ |
| ०९ | कृष्णलाल मर्हजन | १.८८ | ४५,०० |
| १० | प्रदिपकुमार राजभण्डारी | १.८८ | ४५,०० |
| ११ | प्रदिपकुमार श्रेष्ठ | ०.६३ | १५,०० |
| १२ | प्रज्जवल श्रेष्ठ | १.२५ | ३०,०० |
| १३ | पुर्णमान शाक्य | ३.१३ | ७५,०० |
| १४ | पुष्पा बिष्ट | १.८८ | ४५,०० |
| १५ | रबिन्द्रमान मल्ल | ०.६३ | १५,०० |
| १६ | रोजेशकाजी श्रेष्ठ | १.८८ | ४५,०० |

| सि.नं. | शेयरधनीहरुको नाम | प्रतिशत | रकम |
|---|---|---|---|
| १७ | राजेश उपाध्याय | ०.६३ | १५,०० |
| १८ | रोमीलाल श्रेष्ठ | २.१९ | ५२,५० |
| १९ | सबिता मुडवरी | १.५६ | ३७,५० |
| २० | संगीता शाक्य | १.५६ | ३७,५० |
| २१ | श्रीराम लामीछाने | ०.६३ | १५,०० |
| २२ | सुधीरबाबु खत्री | २.५४ | ६१,०५ |
| २३ | शकुन्तलाल हिराचन | २.५० | ६०,०० |
| २४ | सूर्यप्रसाद श्रेष्ठ | १.२५ | ३०,०० |
| २५ | सुष्मा कोइराला | १.८८ | ४५,०० |
| २६ | स्वरुप गुरुङ्ग कोने | ४.१७ | १,००,०० |
| | संस्थागत शेयरधनीहरु | | |
| २७ | पान वर्ल्ड इन्टरनेशनल प्राइभेट लिमिटेड | ९.५० | २,२८,०० |
| २८ | पान वर्ल्ड होल्डिङ्ग कपनी प्राइभेट लिमिटेड | ९.५० | २,२८,०० |
| | सर्वसाधारण शेयरधनीहरु | | |
| २९ | प्रभु इन्भेस्टमेन्ट प्राइभेट लिमिटेड | ०.६६ | १५,८५.५ |
| ३० | सुविन्द्र श्रेष्ठ | ०.६८ | १६,२१.५ |

## जगेडा तथा कोषहरु
## २०६३ आषाढ मसान्त

अनुसुचि २

| आषाढ ३१, २०६२ रु | विवरण | आषाढ ३२, २०६३ रु |
|---|---|---|
| १,८५,०४,८९४ | १ साधारण जगेडा कोष | २,५०,७२,८११ |
| – | २. पूजीगत जगेडा कोष | – |
| – | ३. क्यापिटल रिडिम्पसन् रिजर्भ | – |
| – | ४. अन्य जगेडा तथा कोष | – |
| – | क. भैपरी आउने जगेडा कोष | – |
| – | ख. संस्था विकास कोष | – |
| – | ग. लाभांश समीकरण कोष | – |
| – | घ. विशेष जगेडा कोष | – |
| – | ङ. सम्पती पुनर्मूल्याङ्कन कोष | – |
| – | च. अन्य स्वतन्त्र कोष | – |
| १,४२,६१,५०९ | ५. सञ्चित नाफा/नोक्सान | १,०१,५९,१२५ |
| – | ६. सटही घटवढ कोष | ५८,२६१ |
| ३,२७,६६,४०३ | जम्मा | ३,५२,९०,१९७ |

## तिर्न बाकी कर्जा (सापटी)

## २०६३ आषाढ मसान्त

अनुसुचि ४

| आषाढ ३१, २०६२ रु | विवरण | आषाढ ३२, २०६३ रु |
|---|---|---|
| | क) स्वदेशी | |
| – | १. नेपाल सरकार | – |
| – | २. नेपाल राष्ट्र बैक | – |
| – | ३. रिपो दायित्व | – |
| १२,००,००,००० | ४. अन्तर बैक तथा वित्तीय संस्था | १७,००,००,००० |
| – | ५. अन्य संगठीत संस्थाहरु | – |
| – | ६. अन्य | – |
| १२,००,००,००० | जम्मा | १७,००,००,००० |
| | ख) विदेशी | |
| – | १. बैकहरु | – |
| – | २. अन्य | – |
| – | | – |
| १२,००,००,००० | जम्मा (क+ख) | १७,००,००,००० |

## निक्षेप हिसाव

## २०६३ आषाढ मसान्त

अनुसुचि ५

| आषाढ ३१, २०६२ रु | विवरण | आषाढ ३२, २०६३ रु |
|---|---|---|
| | १. व्याज तिर्नु नपर्ने खाताहरु | |
| – | क) चल्ती हिसाब | १,४३,६५,९०१ |
| – | १. स्वदेशी मुद्रामा | १,४३,६५,९०१ |
| – | १.१ नेपाल सरकार | ९२,७४५ |
| – | १.२ "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाहरु | १३,३३,७५० |
| – | १.३ अन्य इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरु | – |
| – | १.४ अन्य संगठित संस्थाहरु | १,१७,९४,२३७ |
| – | १.५ व्यक्तिगत | ११,४५,१६९ |
| – | १.६ अन्य | – |
| – | २. विदेशी मुद्रामा | – |
| – | २.१ नेपाल सरकार | – |
| – | २.२ "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाहरु | – |
| – | २.३ अन्य इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरु | – |
| – | २.४ अन्य संगठित संस्थाहरु | – |
| – | २.५ व्यक्तिगत | – |
| – | २.६ अन्य | – |
| २५,९९,४५८ | ख) मार्जिन | ७०,४२,७३९ |
| – | १. कर्मचारी जमानत | – |
| २५,९९,४५८ | २. जमानत मार्जिन | ७०,४२,७३९ |
| – | ३. प्रतीतपत्र | – |
| – | ग) अन्य | – |

| | | |
|---|---|---|
| – | १. स्वदेशी मुद्रामा | – |
| – | १.१ वित्तीय संस्थाहरु | – |
| – | १.२ अन्य संगठित संस्थाहरु | – |
| – | १.३ व्यक्तिगत | – |
| – | २. विदेशी मुद्रामा | – |
| – | २.१ वित्तीय संस्थाहरु | – |
| – | २.२ अन्य संगठित संस्थाहरु | – |
| – | २.३ व्यक्तिगत | – |
| २५,९९,४५८ | व्याज तिर्नु नपर्ने खाताहरुको जम्मा | २,१४,०८,६४० |
| | २. व्याज तिर्नु पर्ने खाताहरु | |
| ४४,५९,७५,१७४ | क) बचत हिसाब | ८३,४६,२१,६९१ |
| ४४,५९,७५,१७४ | १. स्वदेशी मुद्रामा | ८३,४६,२१,६९१ |
| २२,४५,७५,१९३ | १.१ संघ संस्थाहरु | ३४,३५,१९,६२० |
| २०,४२,७७,६०२ | १.२ व्यक्तिगत | ४७,३७,११,६०९ |
| १,७१,२२,३७९ | १.३ अन्य | १,७३,९०,४६२ |
| – | २. विदेशी मुद्रामा | – |
| – | २.१ संघ संस्थाहरु | – |
| – | २.२ व्यक्तिगत | – |
| – | २.३ अन्य | – |
| १,०३,०४,९९,२६६ | ख) मुद्धती हिसाब | १,२४,७३,६५,६५९ |
| १,०३,०४,९९,२६६ | १. स्वदेशी मुद्रामा | १,२४,७३,६५,६५९ |
| ९१,८१,८०,७९१ | १.१ संघ संस्थाहरु | १,१५,५५,५४,७०२ |
| ११,२३,१८,४७५ | १.२ व्यक्तिगत | ९,१८,१०,९५७ |
| – | १.३ अन्य | – |
| – | २. विदेशी मुद्रामा | – |
| – | २.१ संघ संस्थाहरु | – |
| – | २.२ व्यक्तिगत | – |
| – | २.३ अन्य | – |
| – | ग) मागेको बखत तिर्नु पर्ने हिसाब | – |
| – | १. स्वदेशी मुद्रामा | – |
| – | १.१ "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाहरु | – |
| – | १.२ अन्य इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरु | – |
| – | १.३ अन्य संगठित संस्थाहरु | – |
| – | १.४ व्यक्तिगत | – |
| – | १.५ अन्य | – |
| – | २. विदेशी मुद्रामा | – |
| – | २.१ "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाहरु | – |
| – | २.२ अन्य इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरु | – |
| – | २.३ अन्य संगठित संस्थाहरु | – |
| – | २.४ व्यक्तिगत | – |
| – | २.५ अन्य | – |
| – | घ) सर्टिफिकेट अफ डिपोजिट | – |
| – | १ संगठित संस्थाहरु | – |
